निर्णयहरु

१. घरभाडाको म्याद थप सम्वन्धमा : ग्रामिण जल श्रोत व्यवस्थापन परियोजना (**RVWRMP**) नेपालले विगत वर्ष देखि जिल्ला समन्वय समिति डडेल्धुरा अन्तर्गतको कार्यालय उत्तर पश्चिम पट्टी रहेका भवनहरु भाडामा लिई परियोजना कार्यालय संचालन हुदै आईरहेको हुदा घरभाडाको अवधि २०२१ अगस्तमा समाप्त हुने भएकोले पुन: १ वर्ष **2021 sep 1** देखि **2022 july** सम्मका लागि म्याद थप गरिदिन सो परियोजना कार्यालय वाट मिति **22 july 2021** मा लेखी आए अनुसार सम्झौता रकम अन्यशर्त साविक वमोजिम हुने गरी आगामी अवधिका लागि सम्झौता गर्न जि.स.स.को कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

२. कोभिड रोग नियन्त्रण एवं व्यवस्थापन सम्वन्धमा : हालदा दिनमा पुन संक्रमण दिनानुदिन बढदै गईरहेको हुदा यसको रोकथाम नियन्त्रण गर्न र विरामीहरुलाइ उपचार सेवा उपलब्ध गराउन सवै स्थानीय तहहरुले पुर्व व्यवस्था अनुरुपनै अस्पताल एवं स्वास्थ्य संस्थाहरुलाई सकृय पार्ने र स्थानीय समुदायमा समेत यसको रोकथाम नियन्त्रणका लागि नेपाल सरकारले तोकिएका स्वास्थ्य मापदण्ड पालना गर्न सकृयताका साथ लाग्न जिल्लाका सरोकारवाला सवै निकाय/संघ/संस्था एवं नारिक समाजमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णयहरु

१. करार कर्मचारीहरुको म्याद नविकरण सम्वन्धमा :

यस कार्यालयको स्वीकृत दरवन्दी अनुसारका कर्मचारीहरुको गत विगत वर्ष देखि सेवा करारमा लिई कामकाजमा लगाईदै आईरहेको र निजहरुको करार सेवा अवधि को म्याद २०७८ अषाढ मसान्तमा समाप्त भएको हुदा पुन : म्याद थप गरि पाउ भनि मिति २०७८।०३।३१ मा जि.स.स.प्रमुखज्युको स्वकीय सचिव सौरभ ताम्राकार ,ह.स.चा. का.स. सहितका ७ जना कर्मचारीहरु वाट निवेदन पेश हुन आएकोले मिति ०७८ साल श्रावण १ गते देखि अर्को व्यवस्था नभएसम्म तोकिएको सेवासर्त सम्झौता बमोजिम नै हुने गरि आवश्यकतानुसार सेवा करारको म्याद नविकरण गर्दै कामकाजमा लगाउन जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।